नेपालमा विगत १२ महिनाको अवधिमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिलाहरुको तथ्याङ्कलाई हेर्दा, राष्ट्रिय स्तरमा १३.५%, प्रदेश नं. १ मा ९.९%, मधेश प्रदेश १७.४%, बाग्मती प्रदेश १५.१%, गण्डकी प्रदेश ७.७%, लुम्बिनी प्रदेश १५.३%, कर्णाली प्रदेश ११.८%, र सुदुरपश्चिम प्रदेशमा ११.३% रहेको छ ( स्रोतः NDHS, २०१८/२०१९)।

नेपाल सरकारले पन्ध्रौं योजनामा महिला बिरुद्ध हुने हिंसालाई सन् २०२३/२४ सम्म ५% मा घटाउने लक्ष्य लिएको छ।जसलाई कार्यान्वियन गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेको छ । प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ र प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७५ प्रमाणीकरण भई कार्यान्वयनमा रहेको छ। लैङ्गिक हिंसा विरुद्धको संरक्षण कोष, लैङ्गिक हिंसा पीडितलाई दीर्घकालीन / अल्पकालीन पुनर्स्थापना केन्द्रको स्थापना र स्तरोन्नती (मनोविमर्शसेवा सहित), मानव बेचबिखन नियन्त्रणका लागि सचेतना अभियान, हिंसाबाट पीडित महिला तथा बालिकाको उद्धार, लैङ्गिकतामा आधारित हिंसा विरुद्धको जनचेतनामूलक अभियान मुख्य कार्यक्रमका रुपमा रहेका छन् ।

लैङ्गिक हिंसा सामाजिक अपराध हो । महिला विरुद्ध हुने हिंसा मानव अधिकारको गम्भीर उल्लंघन हो । तसर्थ, लैङ्गिक हिंसाको अन्त्य गर्नु हामी सबैको कर्तव्य हो ।



## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२) सम्बन्धि सामाजिक विकास मन्त्रालयले आयोजना गर्न गईरहेका मुख्य कार्यक्रमहरु:

१. सबै मन्त्रालयहरुका वेबसाईटमा १६ दिने अभियान सम्बन्धी प्रचार-प्रसार सामग्री राखिने,

२. सबै मन्त्रालयहरुमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को प्रमुख व्यवस्था सम्बन्धी फ्लेक्स, ब्रोसर वितरण र लैङ्गिक हिंसा विरुद्धको अन्तरक्रिया/ छलफल कार्यक्रम सञ्चालन गर्ने,

३. संघ-संस्थाहरु र महिला अधिकारकर्मीहरु सँगको समन्वय र सहकार्यमा लैगिक हिंसा अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने,

४. मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिहरुको लागि लैङ्गिक समानता र सामाजिक समाबेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,

५. सबै सरोकारवाला निकायहरुद्वारा गरिएका कार्यक्रमको उपलब्धी समीक्षा

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश नं. १, विराटनगर**



# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२

(तदअनुसार २०७९ मसिर ९ देखि मसिर २४ गते)

अन्तर्राष्ट्रिय नारा

"UNITE ! ACTIVISM TO END VIOLENCE AGAINST WOMEN & GIRLS! "

राष्ट्रिय नारा

"सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान"

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानः ऐतिहासिक सन्दर्भ र औचित्य

लैङ्गिकतामा आधारित हिंसा भनेको लिङ्गको आधारमा गरिने हिंसा हो । महिला विरुद्धको हिंसा भन्नाले महिला भएकै कारणले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्यलाई बुझाउँदछ । यसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्याउँछ वा पुर्याउने सम्भावना हुन्छ । महिला विरुद्धको हिंसाले महिलाको आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक स्तरलाई कमजोर बनाउँछ । त्यसैले, महिला विरुद्ध हुने लैङ्गिक हिंसा मानव अधिकारको उल्लंघन हो भन्ने कुरालाई जोड दिँदै प्रत्येक वर्ष नोभेम्बर २५, महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवस र डिसेम्बर १०, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको बीचमा संचालन हुने "लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान" सन् १९९१ मा पहिलो महिला ग्लोबल लिडरशिप इन्स्टिच्युटबाट शुरु भएको एउटा अन्तर्राष्ट्रिय अभियान हो । यस इन्स्टिच्युटको एउटा समूहले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको शुरुवात गर्दै यस अभियानमा जुट्न सम्पूर्ण विश्वलाई आह्वान गरेका थिए । त्यसपछि हरेक वर्ष अंग्रेजी महिनाको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई लैङ्गिक हिंसा विरुद्धको अभियानको रुपमा विश्वभर मनाउने प्रचलन रहेको छ। नेपालमा प्रत्येक वर्ष यस अभियानलाई सार्थक बनाउन सरकारी तथा गैरसरकारी निकायबाट विभिन्न कार्यक्रम गरी मनाउने गरिएको छ । यो अभियान नोभेम्बर २५ का दिन महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवसबाट शुरु भई डिसेम्बर १० का दिन अन्तर्राष्ट्रिय मानव अधिकार

दिवसमा समापन गरिन्छ । महिला विरुद्धको हिंसा भनेको मानव अधिकारको एक प्रमुख मुद्धा हो र यी दुईबीच अन्योन्याश्रित सम्बन्ध छ भन्ने विषयको सांकेतिक प्रतिक स्वरुप यी दिवसहरु बीचको १६ दिनलाई लैङ्गिक हिंसा विरुद्धको अभियानको रुपमा मनाउने गरेको पाइन्छ । यसका साथै यी दुई दिवसहरु बाहेक यस अभियानको बीचमा अन्तर्राष्ट्रिय महिला मानव अधिकार रक्षक दिवस (२९ नोभेम्बर), विश्व एड्स दिवस (१ डिसेम्बर), अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस (३ डिसेम्बर) जस्ता महत्वपूर्ण दिवसहरु समेत पर्दछन् ।

Centre for Women Global Leadership (CWGL) को तथ्यांक अनुसार लैङ्गिक हिंसा विरुद्धको १६ दिने यस विश्वव्यापी अभियानमा सन् १९९१ देखि हालसम्म आउदा लगभग १८७ देशहरुमा ६ हजार भन्दा बढी संघसंस्थाहरुको अग्रसरतामा झन्डै ३० करोड भन्दा बढी व्यक्तिहरुको सहभागीता पाइन्छ ।

मुलत: लैगिकतामा आधारित महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यको उद्घोष साथ संगठित रुपले विश्वव्यापी रुपमा आयोजना गरिने यस अभियानको मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन्:

- मानवअधिकार मुद्धाको रुपमा महिला विरुद्ध हुने लैङ्गिक हिंसाको बारेमा स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा व्यापक जनचेतना फैलाउने,
- स्थानीय तथा राष्ट्रिय स्तरमा महिला विरुद्ध हुने लैङ्गिक हिंसा अन्त्यको लागि आवश्यक प्रभावकारी कार्यक्रमहरुको कार्यान्वयनका लागि निरन्तर रुपमा पैरवी गर्ने,
- महिला विरुद्धको हिंसा अन्त्य गर्ने सम्बन्धी स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा भइरहेका कार्यहरुबीच स्पष्ट सम्बन्ध स्थापित गर्ने,
- संसारभरिका महिला अधिकारकर्मीहरुले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि साझा मञ्चको रुपमा स्थापित गर्ने,
- यस अभियानको माध्यमद्वारा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने उद्देश्य प्राप्तिको निमित्त संसारभरका महिला अधिकारकर्मी / अभियानकर्ताहरु बीच साझा ऐक्यबद्धता प्रकट गर्ने,
- महिला विरुद्ध हुने हिंसा अन्त्य गर्ने प्रतिबद्धताहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने प्रभावकारी रणनीति, संयन्त्र तथा औजारहरु विकास गर्ने ,

विगत वर्षहरु झैं, यस वर्ष पनि UNITE ! Activism to end violence against women and girls! भन्ने अन्तर्राष्ट्रिय नारा र "सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान" भन्ने राष्ट्रिय नाराका साथ नेपालमा पनि यो अभियान महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न सम्बन्धित सबै पक्षबाट विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सहित मनाउन लागिएको छ । यद्यपी, महिला विरुद्ध हुने हिंसा अन्त्यको लडाईलाई १६ दिने अभियानमा मात्र सिमित नराखी लक्ष्य प्राप्ति नभए सम्म हरेक क्षण, हरेक दिन एउटा अथक र निरन्तर अभियानको रुपमा अगाडी बढाईरहनु पर्ने आवश्यकता छ ।

## सेतो रिबन अभियान

महिलामाथि हुने हिंसाको विरुद्धमा पुरुषलाई जागरुक गराउने अभिप्रायले सन् १९९१ मा क्यानाडाका केही उत्साहित युवाहरुको प्रयासमा सेतो रिबन अभियानको सुरुवात भएको थियो । छोटो समयको तयारीमा सेतो रिबन अभियानमा करिब १ लाख सहभागीले सहभागिता जनाएका थिए । हिंसालाई अंग्रेजीमा Violence भनिने र Violence को शुरुको अंग्रेजी वर्णमालाको अक्षर भी (V– Violence) लाई उल्टो बनाउँदा बन्ने आकारमा लगाईने सेतो रिबन महिला माथि हुने हिंसा अन्त्यका लागि प्रतिवद्धता जनाउँदै यो अभियान अवधिभर लगाउने प्रचलन रहेको छ ।

## लैङ्गिक हिंसा अन्त्यको लागि प्रदेश नं. १ सरकारको प्रतिबद्धता:

नेपालको संविधानले महिलाको आर्थिक, सामाजिक विकास र सशक्तीकरण मौलिक हकको रुपमा प्रत्याभूत गर्दै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको छ।

"लैगिक समानता: प्रदेशको मान्यता" प्रदेश नं १ को क्षेत्रगत सोच लाई साकार पार्न प्रदेश सरकारले महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तीकरण, लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरण, साथै निर्णायक तहमा महिलाको समानुपातिक अवसरको सृजना गर्नु लगायतका उद्देश्य प्राप्तिको लागि विशिष्ट रणनीतिहरु तथा कार्यनीतिहरु मार्फत अपेक्षित उपलब्धिहरु हासिल गर्न अग्रसर रहेको छ।